# खोज अनुसन्धान तथा प्रकाशन विशेष कोषमा सहयोगको लागी हार्दिक अपिल !

आदरणिय किरात बायुङ राई दाजुभाई दिदिवहिनी तथा सम्पूर्ण सहयोगी महानुभावहरुमा सेवा ।

## किरात बायुङ राई सुम्निखिम नैं किन?

प्रकृति तथा पित्रीपूजक हामी किरात बायुङ राईहरु पूर्वी नेपालको ताप्लेजुङ देखि सुदुरपश्चिमको धनगढी सम्मका २७ जिल्लाहरु र विदेशका विभिन्न भ–भूागमा करिव ६० हजारको संख्यामा छरिएर रहेका छौं । हामी किरात सभ्यता संगै विकासित भएर आएका राई जाति हौं । राई जातिको जीवित २६ भाषाहरु मध्ये हामी बायुङ भाषी राई हौं । तर केहि स्वार्थी समूह राई पृथ्वी नारायण शाहले दिएको पदवी मात्र हो भन्ने भ्रम समुदायमा छरेर जातिय एकतालाई भङ्ग गर्न चाहन्छन । हाम्रो जातिलाई बुझाउने राई शब्द पृथ्वी नारायणको शासनकाल भन्दा सयौं वर्षअघि मौलिकरुपमा निर्माण भई प्रचलनमा रहेको इतिहास छ । राई पदवी मात्रै हो भन्ने कुनै पनि ऐतिहासिक लिखित प्रमाण छैन । यो त केवल अरु जातिको अस्तित्व नामेट पारी फुटाउ र राज गर भन्ने शासकको कुटिल नीति मात्र हो भन्ने प्रमाणित छ । त्यसैगरी हाम्रै पूर्खाले 'पुराना वा जेठो मानव सभ्यता' भन्ने मुन्दुमी अर्थ सहित निर्माण गरेको भाषा सूचक बायुङ (Bayung) शब्दको सट्टा बेलायती खोजकर्ता Brian H. Hodgson ले लेखेको Journal of the Asiatic Society of Bengal र Comparative Vocabulary of the Languages of the Broken Tribes of Nepal, 1857-1858 दस्तावेजमा अपभ्रंस गरी लेखिदिएको शब्द बाहिङ ठिक हो भन्ने कुतर्क गरेर भाषिक शुद्धता नष्ट गर्न लागिपरेका छन । हज्सनले यी दस्तावेजहरुमा बायुङ सहित नेपालका करिव दुई दर्जन भाषाका नामहरु विगारेर लेखिदिएकोमा हाल धेरै भाषिक समुदायले मौलिक नाम सच्याइ सकेका छन । तर भाषाविद Maureen B. Lee ले ओखलढुङ्गा र सोलुखुम्बुको १५ सघन बायुङ राई वस्तिमा गएर स्थलगत सर्वेक्षण गरी लेखेको Bayung Rai: A Sociolingustic Survey - 2005, CNAS TU दस्तावेजमा बाहिङ होइन बायुङ शुद्ध र मौलिक शब्द हो भनेर प्रमाणित गरिसकेका छन । मौलिकताको मूल जरा नैं समुदाय हो । समुदायले अस्वीकार गरेमा देशी विदेशी खोजकर्ता विद्वानले जे जस्तो लेखिदिए तापनि त्यो मान्य हुँदैन, बदरभागी हुन्छ । त्यसैले यस्ता गलत कदमहरु तत्काल रोकी राईहरुको जातिय एकता कायम गर्दै तुम्लो, मिथक र प्रयोगले शुद्ध प्रमाणित गरेको भाषा सूचक शब्द बायुङ स्थापित गर्न संस्थागत कदम आवश्यक ठानी मिति २०७७/०९/२० गते जिल्ला प्रशासन कार्यालय काठमाडौमा (दर्ता नं. १०६५) बायुङ भाषी राईहरुको साझा संस्थाको रुपमा किरात बायुङ राई सुम्निखिम स्थापना गरियो । संस्था स्थापनाको ४ बर्षे अवधिमा केन्द्रीय कार्यसामितिका साथै ८ वटा केन्द्रीय विभाग, ९ जिल्ला र ८ द्याल कार्यसमितिहरु मार्फत समुदायलाई संगठित, सचेत र एकतावद्ध गर्ने काम गर्दै आएका छौं । त्यसैगरी संस्थाले दस्तावेजिकरणको कामलाई पहिलो प्राथमिकतामा राखी मुखपत्र चासुवा र बायुङ तुम्लो सम्बन्धि पुस्तकहरु प्रकाशन गरिएको छ भने वंशावली र बायुङ-नेपाली-अंग्रेजी शब्दकोष प्रकाशनको चरणमा छन् ।

## संस्थाको समस्याहरु

सानो संख्यामा रहेका बायुङ राईहरु वीच पनि एकता नहुन हाम्रो मुख्य चुनौति हो। राई जाति मात्रै नभएर एकीकृत शक्ति पनि हो र बायुङ हाम्रो मौलिक पहिचान हो भन्ने सत्यलाई बुझ्नु कसैले ढिलाई गर्नुहुन्न। दस्तावेज आफैमा इतिहास हो। तर संकटापन्न अवस्थामा पुगिसकेको भाषा, अलिखित तुम्लोयालो, इतिहास र संस्कार संस्कृतिको संरक्षण राज्यबाट नहुनु तथा यसवारे पछिल्लो पुस्ताले उदासिनता देखाउनु थप समस्या हो। लिखित, मौखिक, श्रब्य वा दृश्यको माध्यमबाट पूर्खाले निर्माण गरेका भाषा, तुम्लो र संस्कार संस्कृतिको पुस्तान्तरण गर्नु हामी सवैको दायित्व हो। आर्थिक संकट र श्रोत साधनको अभाव संस्थाको अर्को समस्या हो। संस्थालाई हालसम्म राज्यबाट कुनै किसिमको आर्थिक सहायता वा सुविधा प्राप्त भएको छैन। समुदायको उत्थान र विकासका निम्ति सदस्यता वापतको शुल्क र दाताहरुबाट प्राप्त हुने सहयोगले मात्रै संस्था सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ।

## खोज अनुसन्धान तथा प्रकाशन विशेष कोषको आवश्यकता

संस्थाको आर्थिक संकट र स्रोत साधनको कमिलाई दिगो ब्यवस्थापन गरी संस्थाको उदेश्य बमोजिकका विषयहरुमा खोज अनुसन्धान गर्न र संकलित तथ्य प्रमाणहरुको दस्तावेजिकरण तथा प्रकाशन प्रसारण गर्न विभिन्न सहयोगी स्रोतबाट संकलित रकमहरु जम्मा गर्ने र सो को विधिसम्मत परिचालन गर्नको लागी विशेष कोषको आवश्यकता भयो। तसर्थ किरात बायुङ राई सुम्निखिमको विधान २०७७ को दफा १९ (४) बमोजिम मिति २०८१/१०/०९ गते खोज अनुसन्धान तथा प्रकाशन विशेष कोषको स्थापना गरिएको हो। यो विशेष कोषको राशी स्थापना कालमा रु. ५५,००,००० हुनेछ। जुन कोषमा निम्नानुसारको रकमहरु जम्मा गरिनेछ,

क) कसैले इच्छाले दिएको दान तथा सहयोग वापतको रकम।

ख) किरात बायुङ राईहरुको भाषा, इतिहास, धर्म, संस्कार, बंशावली, कला-साहित्य, गीत-संगीत, ऐतिहासिक तथा सांस्कृतिक स्थान र गढी, रैथाने ज्ञान सिप, शिक्षा लगायतका विषयहरु तोकी वा नतोकी बायुङ राई साथै अन्य शुभचिन्तकहरुबाट प्राप्त हुने सहयोग बापतको रकम।

ग) विशेष कोषको उदेश्य प्राप्त गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सो अन्तर्गतका विभिन्न सरकारी निकायहरुबाट प्राप्त हुने सहयोग तथा अनुदान रकम।

घ) आफ्ना प्रियजन, बाबुआमा, बाजेबजू तथा सन्ततिको नाम सुवास रहिरहोस भनी मृत्युपर्यन्त उहाँहरुको सम्भनामा आफन्तजनले प्रदान गर्नुहुने दान तथा सहयोग रकम।

## खोज अनुसन्धान तथा प्रकाशन विशेष कोषको उदेश्यहरु

क) बायुङ राईहरुको भाषा, इतिहास, तुम्लो, संस्कार संस्कृति, बंशावली, कला, गीत संगीत, भेषभुषा, रैथाने ज्ञान सिप, तथा ऐतिहासिक गदी थुम जस्ता सम्पदाहरु बारे खोज तथा अनुसन्धान गर्ने।

ख) खोज अनुसन्धानबाट संकलित सामग्री, तथ्य तथ्याङ्कको प्रशोधन गरी लिखित

दस्तावेजिकरण गर्ने । साथै संस्थाको मुखपत्र 'चासुवा' र भित्तेपात्रोको प्रकाशन गर्ने ।

ग) बायुङ राईहरुको अस्तित्व र विशिष्ट पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा स्थापित गराउने ।

## खोज अनुसन्धान तथा प्रकाशन विशेष कोष सञ्चालन विधि

**दफा ६) सञ्चालक समिति गठन** : विशेष कोषमा रकम जम्मा गर्न, जम्मा भएको रकमको ब्यवस्थित लेखा राख्न र सो रकम परिचालन गर्न खोज अनुसन्धान तथा प्रकाशन विशेष कोष सञ्चालन नियमावली- २०८१ परित गरी लागू गरिएको छ। जस अनुसार निम्नानुसार **सञ्चालक समिति** गठन गरिएको छ।

१) अध्यक्ष– नरभक्त बायुङ राई (समाजसेवी)

२) सदस्य– यस वहादुर बायुङ राई (समाजसेवी)

३) सदस्य– चन्द्र वहादुर बायुङ राई(ओखलढुङ्गा)

४) सदस्य– डिल्ली बहादुर बायुङ राई (यू.के.)

५) सदस्य– ललित बायुङ राई (यु.के)

६) सदस्य– आइति वहादुर बायुङ राई (सुनसरी)

७) सदस्य– लोकराज बायुङ राई (हङकङ)

८) सदस्य– प्रविण बायुङ राई (सिंगापुर)

९) सदस्य– सन वहादुर बायुङ राई (सोलुखुम्बु)

१०) सदस्य– ... खालि ...

११) सदस्य पदेन – लोक वहादुर बायुङ राई (प्रमुख, सुम्निखिम खोज तथा अनुसन्धान विभाग)

१२) सदस्य पदेन– रबिन बायुङ राई (प्रमुख, सुम्निखिम प्रचार तथा प्रकाशन विभाग)

१३) सदस्य सचिव पदेन– पार्वति बायुङ राई 'रिम्वाफुङ' (सुम्निखिम केन्द्रीय कोषाध्यक्ष)

**दफा ७) विशेष कोषको रकम परिचालन** : विशेष कोषमा जम्मा भएको रकम सञ्चालक समितिको निर्णयले देहाय बमोजिम परिचालन गरिने छ;

क) विशेष कोषमा जम्मा भएको मूलधन वा साँवा रकम मस्यौट गर्न पाईने छैन ।

ख) विशेष कोषमा जम्मा गरेको मूलधनको बार्षिक रुपमा प्राप्त हुने ब्याज रकम मध्ये १५% रकम मूलधनमा पूँजिकृत गरी बाँकी रहेको रकम मात्र खर्च गरिने छ ।

ग) संस्थालाई काबु भन्दा बाहिरको कुनै परिस्थिति आइपरेमा भने यस विशेष कोषको मूलधनको एक तिहाई बरावरको रकम संस्थाको निर्णय बमोजिम अन्य शिर्षकमा पनि खर्च गर्न बाधा पर्ने छैन ।

**दफा ८) खाता सञ्चालन** : नेपाल सरकारबाट क वर्गको मान्यता प्राप्त कृषि विकास बैंकमा विशेष कोष सञ्चालक सदस्यहरु सन वहादुर बायुङ राई र लोक वहादुर बायुङ राईको नाममा ०२१०७०५६३१०१७०१७ नम्बर रहेको संयुक्त वचत खाता खोलिएको छ। सो खाता दुवै खातावालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**दफा १०) विशेष कोषको सहयोग दाताहरुलाई सम्मान गर्ने ब्यवस्था:** यस विशेष कोषमा विभिन्न शिर्षकमा रकम जम्मा गरी सहयोग पुऱ्याउनुहुने दाता महानुभावहरुको नाम र सहयोग रकमको ब्यवस्थित लेखा राखी हरेक वर्ष अध्यावधिक विवरण दाताहरु समक्ष प्रस्तुत गरिने छ। साथै सहयोगदाताहरुलाई निम्नानुसार सम्मान गरिने छ।

क) रुपैयाँ १,००० – ४,९९९ आर्थिक सहयोग दिने दातालाई सम्मान पत्र प्रदान गरिने।

ख) रुपैयाँ ५,००० – २४,९९९ आर्थिक सहयोग दिने दातालाई संस्थाको आजीवन सदस्यता र सम्मान पत्र प्रदान गरिने।

ग) रुपैयाँ २५,००० – ४९,९९९ आर्थिक सहयोग दिने दातालाई संस्थाको संरक्षक सदस्यता र ताम्रपत्रले सम्मान गरिने।

घ) रुपैयाँ ५०,००० – ९९,९९९ आर्थिक सहयोग दिने दातालाई संस्थाको संरक्षक सदस्यता र ताम्रपत्रले सम्मान गरिने। साथै संस्थाको मुखपत्र चासुवाको संरक्षकको रुपमा दाताको तस्वीर सहितको बिवरण चासुवामा प्रकाशन गर्ने।

ङ) रुपैयाँ १,००,००० वा सो भन्दा वढि आर्थिक सहयोग दिने दातालाई संस्थाको संरक्षक सदस्यता, ताम्रपत्र र चाँदिबाट निर्मित सुम्निखिमको लोगो अंकित 'विशेष चिनो' सहित सम्मान गरिने। साथै संस्थाको मुखपत्र चासुवाको संरक्षकको रुपमा दाताको तस्वीर सहितको बिवरण चासुवामा प्रकाशन गर्ने।

**दफा ११) विशेष कोषको खारेजि र सुरक्षा:** सञ्चालक समितिले वहुमतले विशेष कोष विघटन गर्ने निर्णय गरेमा विशेष कोषको स्वामित्व, जायजेथा रकम र दायित्व संस्थामा स्वतः हस्तान्तरण हुनेछ।

## परिणाम

यस खोज अनुसन्धान तथा प्रकाशन विशेष कोषमा सहयोग गर्नाले निम्न परिणाम हासिल हुनेछन,

१) संस्था आर्थिक रुपमा सवल भई संस्थागत उदेश्य प्राप्तिको निम्ति थप कृयाशील हुनेछ।

२) बायुङ भाषा, बायुङ राईहरुको तुम्लोयालो, इतिहास, संस्कार संस्कृति, रैथाने ज्ञान सिप, बंशावली, कला संगीत र गढी थुमहरुको लिखित दस्तावेज तयार हुनेछ,। जस्ले बायुङ राईको विशिष्ट पहिचान संरक्षणमा महत्वपूर्ण भूमिका खेल्नेछ।

३) संस्थाको पहलमा नेपाल सरकारबाट स्वीकृत कक्षा १ देखि ३ सम्मको पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकको छपाई गरी बायुङ भाषी बाहुल्य रहेको विद्यालयहरुमा पठनपाठन गराईने छ।

४) बायुङ भाषा, तुम्लोयायो, इतिहास, संस्कार संस्कृति जस्ता विधागत अध्येता र उच्च शिक्षाका शोधार्थीहरुका लागी संस्था श्रोत केन्द्र बन्नेछ।

अन्त्यमा, थोपा थोपा मिलेर समुन्द्र बने जस्तै संस्था र समुदायको हितका निम्ति मनका धनी सम्पूर्ण महानुभावहरुमा यथाशक्य आर्थिक सहयोग गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं। यस विशेष कोष यहाँहरुको साथ र सहयोगविना सञ्चालन हुन सम्भव छैन। साथै यहाँहरुको अमूल्य सहयोग, सुभाव, सल्लाह र मार्गनिर्देशन संस्थाले सधै शिरोपर गर्ने प्रतिबद्धता समेत ब्यक्त गर्दछौं।

*अनिमोखला, सेवा।*

**अध्यक्ष : नरभक्त बायुङ राई (९८०३७१२४०४)**
**सदस्य सचिव : पार्वती बायुङ राई, रिम्वाफुङ (९८४९७४०५८६)**
**Email: bayungsumnikhim@gmail.com**